बागमती प्रदेश सरकार

खानेपानी ऊर्जा तथा सिँचाइ मन्त्रालय

# खानेपानी तथा सरसफाइ डिभिजन, सिन्धुपाल्चोक

## विभिन्न खरिद कार्यको हार्डकपी बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०५/२४**

सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को प.सं.-०८३/८४, च.नं. MIT/१८२, मिति २०८३/०५/११ गतेको सूचना अनुसार हाल सञ्चालनमा रहेको E-GP System मा आएको समस्याको कारण अर्को सूचना जारी नभएसम्म प्रणालीको प्रयोग स्थगन गरी हार्डकपी (HARD COPY) मार्फत खरिद प्रक्रिया अगाडि बढाउन निर्देशन भए अनुसार हार्डकपी (HARD COPY) मार्फत खरिद प्रक्रिया अगाडि बढाउने गरी निम्न शर्तको अधीनमा रही प्रत्येक प्याकेजका लागि छुट्टाछुट्टै बोलपत्र आह्वान गरिएको छ ।

१. यो सूचना प्रकाशित मितिले २१औं दिनसम्म (२०८३।०६।१३ सम्म) कार्यालय समयभित्र चालू आ.व.का लागि नवीकरण भएको इजाजत प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र संलग्न राखी बोलपत्र खरिदको निवेदन साथ तपसिलमा उल्लिखित राजस्व दस्तुर बुझाएको बैंक भौचर बुझाई (फिर्ता नहुने गरी) बोलपत्र सम्बन्धी कागजात कार्यालय समयभित्र यस कार्यालय (सिन्धुपाल्चोक कार्यालयबाट मात्र) खरिद गर्न सकिनेछ ।

**बैंक खाता सम्बन्धी विवरण**

**बैंकको नाम** : नेपाल बैंक लिमिटेड, चौतारा

**खातावालाको नाम** : खानेपानी तथा सरसफाइ डिभिजन सिन्धुपाल्चोक

**खाता नं.** २७२०२००००१००१००००१, **कार्यालय कोड** : ३१३०२२७०१३, **राजस्व शीर्षक नं.** : १४२२९

२. बोलपत्र सूचना प्रकाशित मितिले २२औं दिन मिति २०८३/०६/१४ गते दिनको १२:०० बजेभित्र यस कार्यालयमा मात्र दर्ता गराउन सकिनेछ ।

३. दर्ता भएका बोलपत्र सूचना प्रथमपटक प्रकाशित मितिले २२औं दिन मिति २०८३।०६।१४ गते दिनको १:०० बजे बोलपत्र दाता वा निजका प्रतिनिधिहरू र कार्यालयका प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।

४. बोलपत्र खरिद गर्ने अन्तिम दिन एवं खोल्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू बिदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५. बोलपत्र जमानत बापतको रकम तल उल्लिखित तालिकामा उल्लेख भए बमोजिम प्रदेश लेखा एकाइ कार्यालयको एकल कोष धरौटी खाता नेपाल बैंक लिमिटेड, शाखा कार्यालय चौतारामा रहेको कार्यालयको कोड नं. ३१३०२२७०१३ धरौटी खाता नं. ०५७०२००००२००३००००१ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र पेश गर्ने अन्तिम दिनले १२० दिन म्याद भएको बैंक जमानत पेश गर्नुपर्नेछ ।

६. बोलपत्रमा दर रेट भर्दा मूल्य अभिवृद्धि कर बाहेकको दर अङ्क र अक्षर दुवैमा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ । अक्षर र अङ्कबीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

७. एक फर्मको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइनेछैन ।

८. बोलपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

९. सूचनामा नपरेका कुराहरू सार्वजनिक खरिद ऐन, ०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) बमोजिम हुनेछ । अन्य कुनै किसिमको जानकारी चाहिएमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न अनुरोध छ ।

**तपसिल**

| ठेक्का नं. | कामको विवरण | लागत अनुमान रकम रु. (भ्याट बाहेक) | बोलपत्र दस्तुर रकम रु. | बोलपत्र जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| WSSD/NCB/1/83/084-Goods | सिन्धुपाल्चोक जिल्लाका विभिन्न खानेपानी आयोजनाका लागि एच.डी.पी.ई. पाइप सप्लाई गर्ने कार्य । | ६९,७३,९१५।०० | ३,०००।- | १,८०,०००।- | बोलपत्र (ISIE) |
| WSSD/NCB/2/83/084-Goods | काभ्रेपलाञ्चोक जिल्लाका विभिन्न खानेपानी आयोजनाका लागि एच.डी.पी.ई. पाइप सप्लाई गर्ने कार्य । | ६६,६४,६५८।२६ | ३,०००।- | १,७०,०००।- | बोलपत्र (ISIE) |

**डिभिजन प्रमुख**